# नेपाल गजेट

## नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं फाल्गुन ३ गते २०११ साल [ संख्या २७

बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायका क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्दछन्, तिनै तिनै विषयहरू छापिनेछन् ।

भाग १ (क) सरकारी घोषणा, इश्तिहार इत्यादि ।

(ख) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि ।

(ग) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोट इत्यादि ।

(घ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि ।

(ङ) कायममुकायम तैनाथी इत्यादि ।

(च) कानूनविभाग, न्यायालयको विज्ञप्ति इत्यादि ।

(छ) जेल पुलीस आदिको विज्ञप्ति इत्यादि ।

(ज) साधारण सूचना, उर्दी इत्यादि ।

(झ) सल्लाहकार सभाको सूचना, जन्म मरणको संख्या इत्यादि ।

(ञ) हल्लाको खण्डन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) अफिसरहरूको बिदा ।

(ठ) श्री ५ र मन्त्रीहरूको यात्रा, शुभेच्छामण्डल आदिको कार्यक्रम ।

(ड) पब्लिक सर्भिसकमिशनको सूचना ।

(ढ) इलेक्शनकमिशनको सूचना

(ण) संसद्—सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।

भाग २ (क) अर्थविभागसम्बन्धी विज्ञप्ति ।

(ख) सरकारी ब्याङ्क, मुलुकीखाना कौशीआदिको प्रकाशित प्रचलित, मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ (क) उद्योग वाणिज्य र श्रमसम्बन्धी सरकारी विज्ञापन इत्यादि ।

(ख) नियन्त्रित बजारभाउ मुद्राविनिमय इत्यादि ।

भाग ४ (क) कृषि, भूमिसुधारसम्बन्धी सूचना इत्यादि ।

(ख) गाम, हावा, पानी र बालीनालीको सूचना इत्यादि ।

भाग ५ (क) शिक्षासम्बन्धी सूचना ।

(ख) शिक्षाविभागको परीक्षाफल ।

भाग ६ (क) स्वायत्त शासनसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

(ख) नगरपञ्चायत ।

(ग) ग्रामपञ्चायत ।

भाग ७ (क) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

(ख) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ मालपोत तथा वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ९ प्रधान मन्त्रालय राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति । सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ११ पब्लिकवर्क्स तथा सञ्चारसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १२ विकास तथा योजनासंबन्धी विज्ञप्ति, सूचना इत्यादि ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग १

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अति प्रबल गोरखा दक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवन वीरविक्रम जङ्गबहादुर शाह बहादुर शमशेर जङ्गदेवानाम् सदा समर विजयिनाम्

यहाँ तल लेखिएका कारणहरुले गर्दा नेपाल प्रधान न्यायालय ऐन, २००८ लाई संशोधन गर्न वान्छनीय भएकोले:—

श्री ५ महाराजाधिराजबाट आफ्नो, राजकीय शक्ति तथा विशेषाधिकारको प्रयोग गरी देहायबमोजिमको ऐन तोकी जारी गरिबक्सेको छ:—

(१) (१) यस ऐनको नाम—'नेपाल प्रधान न्यायालय ऐन, दोस्रो संशोधन २०१०' रहनेछ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

(२) मूल ऐनका दफा २ मा वाक्यको प्रारम्भमा 'दफा ४२ मा लेखिएका कुराहरूको अधीन रही' भन्ने शब्दहरू थपिनेछन्।

(३) यसमा मूल ऐन भनिएको नेपाल प्रधान न्यायालय ऐन, २००८ को दफा ४ मा—

(क) "प्रधान न्यायालयको आदेश फसलाहरू अकाट्य प्रमाण भनी मान्य हुनेछ तथा" भन्ने शब्दहरू खारेज हुनेछन्।

(ख) "प्रधान न्यायालयलाई" भन्ने शब्दहरू पछि 'प्रचलित भई राखेका ऐनहरूअनुसार" भन्ने शब्दहरू राखिनेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) मूल ऐनको दफा १८ मा रहेका "विधानमा व्यवस्था नभएसम्म" भन्ने शब्दहरु खारेज हुनेछन्।

(५) मूल ऐनको दफा ३० खारेज हुनेछ।

(६) मूल ऐनको दफा ४१ पछि देहायको नयाँ दफा थपिनेछ।

४२ शाही विशेषाधिकारको रक्षाः — यस ऐनमा रहेको कुनै कुराले पनि श्री ५ महाराजाधिराजको न्याय व्यवस्थासम्बन्धी विशेषाधिकारलाई लुप्त गर्ने, सीमित गर्ने तथा घटाउनेछैन।

इति संवत् २०१० साल माघ ६ गते रोज ६ भम।

आ. ले —

तिलकशमशेर.

सेक्रेटरी— कानून मन्त्रालय,

२६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।